सशस्त्र प्रहरी ऐन, २०५८ को दफा ३६ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "सशस्त्र प्रहरी (छैठौं संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. **सशस्त्र प्रहरी नियमावली, २०६० को नियम १०५ मा संशोधन** : सशस्त्र प्रहरी नियमावली, २०६० (यसपछि "मूल नियमावली" भनिएको) को नियम १०५ को उपनियम (२) झिकिएकोछ ।

३. **मूल नियमावलीको अनुसूचीमा संशोधन** : मूल नियमावलीको अनुसूची - २ को फाराम नं. ०४ मा रहेका "श्री ५ महाराजाधिराजबाट बक्सेको" भन्ने शब्दहरुको सट्टा "राष्ट्रप्रमुखबाट प्रदान गरिएका" भन्ने शब्दहरु राखिएका छन् ।

सूचना ८१

## ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०७०

ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन नियमावली, २०६१ लाई संशोधन गर्न वाञ्छनीय भएकोले,

राष्ट्र ऋण ऐन, २०५९ को दफा २० ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले नेपाल राष्ट्र बैङ्कको राय लिई देहायका नियमहरु बनाएकोछ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यी नियमहरुको नाम "ऋणपत्रको प्राथमिक तथा दोस्रो बजार व्यवस्थापन (पहिलो संशोधन) नियमावली, २०७०" रहेकोछ ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।